# जिल्ला समन्वय समितिको कार्यालय, कास्की

फोन नं. ०६१-४६४९:
०६१-४६४४'
☎ ०६१-४६२५

शहिदचोक, पोखरा,
४ नं. प्रदेश, नेपाल।


## सूचि दर्ताको लागि दरखास्त आव्हानको सूचना

**सूचना प्रकाशित भएको मिति २०७४।४।१०**

यस कार्यालयलाई आ.ब. २०७४।०७५ का लागि निम्नानुसारको सामानहरु पटक-पटक गरी खरिद गर्नु पर्ने तथा सेवा लिनुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम योग्यता पुगेका इच्छुक इजाजत प्राप्त संस्था, व्यक्ति, फर्म, कम्पनी, परार्मशदाता आदिको मौजुदा सूची (Standing List) तयार गरी सूचीकृत गर्नुपर्ने भएकोले निम्न सामाग्रि खरिद तथा सेवा सम्वन्धी आफूले गर्ने कार्यहरुको छुट्टाछुट्टै विवरण भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलमा उल्लेखित कागजातहरु सहित यस कार्यालयको खरिद इकाईमा कार्यालय समयभित्र सूची दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**(क) आपूर्ति गर्ने सामाग्रीहरु :**

१. स्टेशनरी सामानहरु।
२. निर्माण सामाग्रीहरु।
३. कम्प्यूटर, प्रिन्टर, फ्याक्स, फोटोकपी मेसिन तथा सोका पार्टस् पूर्जाहरु।
४. विभिन्न इलेक्ट्रिकल एण्ड इलेक्टोनिक्स तथा सौर्य उर्जा सामाग्री तथा त्यसका पार्टस पूर्जाहरु।
५. छपाई सम्वन्धी कार्यहरु।
६ विभिन्न प्रकारका फर्निचर तथा फर्निसिङ्ग सामानहरु।
७. सेनेटरी र हार्डवेयरका सामानहरु।
८. दुई पाँग्रे तथा चार पाँग्रे हलुका सवारी साधन खरिद।
९. डोजर, गाडी तथा मोटरसाईकल सम्वन्धी पार्टस् पूर्जाहरु खरिद।
१०. ग्रामीण विद्युतीकरण योजनाको लागि तार, पोल, ट्रान्सफर्मर, पिन, ईन्सुलेटर, डि. आईरन, स्याकल आदि।
११. पिउने पानीका जारहरु एवं वोतलको पानी।

**(ख). आपूर्ति गर्ने सेवाहरु :**

१. डोजर, गाडी तथा मोटर साईकल मर्मत सम्वन्धी।
२. सुरक्षा गार्ड आपूर्ति सम्वन्धी।
३. कानूनी परार्मश सेवा सम्वन्धि।
४. कम्प्यूटर, प्रिन्टर, फ्याक्स मेसीन तथा सो सम्वन्धी पार्टस/पूर्जा मर्मत सम्वन्धी।
५. सार्वजनिक निर्माण कार्य सम्वन्धी।
६. इन्जिनियरिङ्ग, सर्भे डिजाइन तथा अन्य परामर्श सेवा प्रदान सम्वन्धी।
७. साना सवारी साधन र डोजर, एक्साभेटर लोडर जस्ता हेवी ईक्वीपमेन्टहरुको भाडा सम्वन्धी।
८. सामाजिक परिचालन लगायतका गैर सरकारी संस्थाबाट प्राप्त गर्नुपर्ने सेवाहरु।
९. सफ्टवेयर खरिद तथा सो को मर्मत सम्वन्धी।
१०. सूचना तथा विज्ञापन सम्वन्धी कार्य
११. भिडियो तथा डकुमेन्ट्री तयार लगायतका अन्य कार्य।

**(ग). आपूर्तिकर्ताहरुले पेश गर्नुपर्ने कागजातहरु :**

१. फर्म वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि।
२. मुल्य अभिवृद्धि कर तथा स्थायी लेखा नम्बर भएको प्रमाणपत्रको प्रतिलिपि।
३. आ.ब. ०७२/०७३ का लागि फर्म नविकरण तथा कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि।

**(घ). अन्य जानकारी :**

१. म्याद नाघी पेश भएको, आवश्यक प्रमाणपत्रको प्रतिलिपि संलग्न नभएको वा रीत नपुगेको निवेदन उपर कुनै कारवाही हुने छैन।
२. सूचिकृत भएका कम्पनि तथा फर्महरुले सन्तोषजनक सेवा तथा सामान आपूर्ति नगरेको खण्डमा सूचिकृतबाट हटाउन सकिनेछ।
३. कम्पनी, फर्म वा संस्था सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
४. सूचनामा छुट भएका अन्य कुराको हकमा प्रचलित कानून वमोजिम हुनेछ।